**नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड**

**बनेपा-१०, काभ्रेपलाञ्चोक**

**निर्वाचन अधिकृतको कार्यालय**

**<u>सूचना</u>**

मिति: २०८१/०१/२५

<u>विषय: मतदान कार्यक्रम सम्बन्धमा ।</u>

नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/१२/१६ मा रदद् भएको संस्थापक शेयरधनी समूह अन्तर्गतको संचालक पद ४ को निर्वाचन कार्यक्रम मिति २०८१/०२/०३ गते दिनको ११:०० बजे देखि सम्पन्न गर्ने भनी संस्थाको संचालक समितिबाट निर्णय भै सम्बन्धित सबैको जानकारीका लागि संस्थाको सूचना पाटी, आधिकारिक वेबसाईट तथा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशीत भएको व्यहोरा अवगत नै छ । सोही सूचना बमोजिम मिति २०८०/१२/१६ मा कायम रहेका उम्मेदवारहरु बिच मात्र मिति २०८१/०२/०३ गते हुने मतदान कार्यक्रम निम्नानुसार हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशीत गरिएको छ ।

मिति: २०८१/०२/०३ गते विहीवार

समय: दिनको ११:०० बजे देखि २:०० बजे सम्म (३ घण्टा) मतदान

मतगणना: मतदान सके लगतै

मतपरिणाम घोषणा: मतगणना सम्पन्न भए लगतै

स्थान: अरनिको पार्टी प्यालेस बनेपा- ०५, भीमसेन मार्ग

नेशनल लघुवित्त वित्तीय संस्था लि. ★ केन्द्रीय कार्यालय, बनेपा-१०, काभ्रेपलाञ्चोक ★

नोटः-

१. उक्त दिन कुनै कारणले तोकिएको समयमा मतदान शुरू हुन नसकेमा जति समय ढीला शुरू भएको हो त्यति नै समय थपगरी हुन आउने समय सम्म मतदान गर्न दिइने छ ।

२. सो समय भित्र मतदान केन्द्र ( अरनिको पार्टी प्यालेस) भित्र प्रवेश गरिसकेका मतदाता शेयरधनीहरुलाई जति समय लागे पनि मतदान गर्न दिइने छ ।

३. प्रोक्सी (प्रतिनिधि-पत्र) लिनु भएका शेयरधनीहरुलाई अन्य स्वयं उपस्थित व्यक्तिगत शेयरधनी मतदाताहरुले मतदान गरी सकेपछि मात्र मतदान गर्न दिइने छ ।

४. मतदान गर्न आउँदा सरकारी निकायबाट जारी भएको आफ्नो फोटो सहितको परिचयपत्र र आफू शेयरधनी मतदाता रहेको देखिने प्रमाण समेत साथै लिई आउनु पर्ने छ ।

५. संस्थागत शेयरधनीको तर्फबाट मतदान गर्न आउने व्यक्तिले संस्थाको आधिकारिक अख्तियार प्रदान गरेको पत्र र आफ्नो फोटो सहितको परिचय पत्र लिई आउनु हुन समेत जानकारी गराइन्छ ।

अधिवक्ता दिप्ती शर्मा
(सहायक निर्वाचन अधिकृत)

अधिवक्ता लीलामणि पौडेल
(निर्वाचन अधिकृत)

नेशनल लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, झंपा-१०, कामेपलाडचोक